


वर्ष ५० अङ्क १० असार २०८३ जुन-जुलाई २०२६

# सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी अन्तरक्रिया



सम्पत्ति शुद्धीकरण निवारण सुपरिवेक्षण महाशाखाले जेठ २२ गते काठमाडौंमा बैंक तथा वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत र सम्पत्ति शुद्धीकरण निवारण समितिका संयोजकहरूको सहभागितामा अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो।

गभर्नर प्रा.डा. विश्वनाथ पौडेलको उपस्थितिमा महाशाखाले उक्त कार्यक्रम आयोजना गरेको हो। कार्यक्रमलाई सम्बोधन गर्दै गभर्नर पौडेलले सम्पत्ति शुद्धीकरणका प्रवृत्तिलाई निरुत्साहित तुल्याउनका निम्ति बैंकिङ प्रणाली सबल हुनुपर्ने आवश्यकतामा जोड दिनुभयो। सम्पत्ति शुद्धीकरणका विभिन्न अन्तर्राष्ट्रिय घटनाक्रमबारे चर्चा गर्दै गभर्नर पौडेलले सम्पत्ति शुद्धीकरण निवारणका सन्दर्भमा कानुनी र नीतिगत व्यवस्थाको प्रभावकारी पालनाप्रति बैंक तथा वित्तीय संस्थाको ध्यानाकर्षण गराउनुभयो। उहाँले भन्नुभयो, “वित्तीय संस्थालाई प्रयोग गरेर कसैले गैरकानुनी कारोबार गरिरहेका हुन सक्छन्। त्यसप्रति तपाईंहरू सचेत रहनुपर्छ।” वित्तीय कारोबारका सम्बन्धमा बैंक तथा वित्तीय संस्थाबाट हुने रिपोर्टिङ प्रणाली प्रभावकारी हुनुपर्ने उल्लेख गर्दै गभर्नर पौडेलले त्यसका लागि आफ्ना कर्मचारीलाई सधैं ‘अलर्ट’ राख्न प्रमुख कार्यकारी अधिकृतहरूलाई आग्रह गर्नुभयो।

कार्यक्रममा सम्पत्ति शुद्धीकरण निवारणका सन्दर्भमा चार वटा कार्यपत्र प्रस्तुत गरिएको थियो। त्यस क्रममा सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका प्रतिनिधि प्रकाशचन्द्र सापकोटाले 'Contemporary Issues on AML/CFT Regime: Law Enforcement Perspective' विषयक कार्यपत्र प्रस्तुत गर्दै वित्तीय अपराधका उदीयमान प्रवृत्ति, अनुसन्धानमा देखिएका समस्याबारे चर्चा गर्नुभयो। यस्तै, नेपाल बैंकर्स एसोसिएसनका सदस्य रामचन्द्र खनालले 'AML/CFT in Banking: Implementation Challenges and Policy Expectation' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो। त्यस क्रममा उहाँले सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी कानुनी र नीतिगत व्यवस्था, तिनको कार्यान्वयन पक्ष, ग्राहक पहिचान, गो-एएमएल रिपोर्टिङ लगायतका विषयमा जानकारी दिनुभयो।

यसै गरी, कानुन महाशाखाका उप-निर्देशक डिल्लीराम न्यौपानेले 'Misuse of FIs for ML: Legal and Judicial Perspective' विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो। त्यस क्रममा उहाँले वित्तीय अपराध नियन्त्रणसम्बन्धी अन्तर्राष्ट्रिय कानुनी अभ्यास, विभिन्न मुलुकका न्यायिक दृष्टिकोण, नेपालका अदालतबाट भएका फैसलाबारे चर्चा गर्नुभयो। सम्पत्ति शुद्धीकरण निवारण सुपरिवेक्षण महाशाखाका उप-निर्देशक सौनभ श्रेष्ठले 'Major Comments Raised During Onsite AML/CFT Supervision' विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो। उक्त कार्यपत्रमा सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी कानुनी र नियामकीय व्यवस्था, सुपरिवेक्षणका क्रममा भेटिएका कैफियतबारे चर्चा गरिएको थियो।

कार्यपत्र प्रस्तुतिपश्चात् सहभागीहरूबीच छलफल भएको थियो। बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक दीर्घबहादुर रावल र वित्तीय जानकारी इकाइका निर्देशक वासुदेव भट्टराईले सहभागीबाट राखिएका जिज्ञासा र सुझावमाथि सम्बोधन गर्दै सम्पत्ति शुद्धीकरण निवारणका विविध पक्षबारे प्रकाश पार्नुभयो। बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक रामु पौडेलले छलफल सत्रको सहजीकरण गर्नुभएको थियो।

कार्यक्रममा डेपुटी गभर्नर किरण पण्डित, विभिन्न विभाग/कार्यालयका कार्यकारी निर्देशक र निर्देशक लगायतको उपस्थिति थियो। सो अवसरमा महाशाखाका प्रमुख राजनदेव भट्टराईले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने उप-निर्देशक मनोज गुरुङले कार्यक्रम सञ्चालन गर्नुभएको थियो। ■